आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
मितिः ०३ नवम्बर २०२६
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

प्रमुख समाचार

१. खरसांगदेखि दार्जिलिंगसम्म झन्डै २१ किलोमिटर लामो रोपवे परियोजनालाई मुख्यमंत्री शुभेन्दु अधिकारीद्वारा स्विकृती ।
२. भारतीय जनता पार्टीद्वारा सिलीगुडीमा आयोजित बिशाल पदयात्रामा मुख्यमन्त्री शुभेन्दु अधिकारीले जनाउनु भयो सहभागिता।
३. पश्चिम बंगाल सरकारद्वारा गंगासागर मेलालाई अन्तर्राष्ट्रिय स्तरको मेला बनाउने योजना तयारी।
४. नेपालका लागि भारतका नवनियुक्त राजदूत सुधाकर दलेलाले सम्हाल्नु भयो काठमाडौंमा कार्यभार।
५. नोभेम्बर महिनाको शुरुवातसँगै उत्तर बङ्गालको पहाड तराई डुवर्समा बढयो जाडो।

मुख्यमंत्री सिलीगुड़ी

मुख्यमंत्री शुभेन्दु अध्किारीले आज उत्तर कन्या मिनी सचिवालय सिलगड़ीमा एउटा ऊच्च स्तरीय प्रशासनिक बैठक गर्नु भयो। बैठक पछि संवाददाताहरूसित कुराकानी गर्नुहुँदै मुख्यमंत्रीले दार्जीलिङ पहाड़,तराई डुर्वस सहित उत्तर बंगालको विकास संबधित कैंयन घोषणाहरू गरिएको बताउनुभयो। मुख्यमंत्रीले उत्तरबंगालको सम्पर्क संजाल उन्नत गर्ने ,स्वास्थ्य सेवाहरूलाई सशक्त बनाउने खेल संबधित पूर्वाधार विकास धार्मिक धरोहरहरूको संरक्षण साथै पर्यटन पूर्वाधारको विकासलाई प्राथमिकतामा राखिएको बताउनुभयो। यस प्रकारका कैंयन परियोजनाहरूलाई राज्य सरकारले अघिबाटै मंजुरी दिएको अनि कतिपय योजनाहरूको घोषणा आउने दिनहरूमा गरिने बताउनुभयो। दार्जीलिङका लोकसभा सांसद बैठकपछि पत्रकारहरूलाई संबोधत गर्दै भन्नुभयो- मुख्यमंत्री शुभेन्दु अधिकारी ६ दिसम्बरको दिन कालेबुङ आउनु हुनेछ। उहाँले कालेबुङमा एउटा मेडिकल कलेज निमार्णको शिलान्यास गर्नु हुनेछ। यसको साथै दार्जीलिङ , मिरिक , खरसांग र सिलीगुड़ी अस्पातालहरूको मरम्मती अनि आधुनिकीकरणका परियोजनाहरूको घोषणा गर्नुहुनेछ। आजको यस बैठकमा खरसांग देखि दार्जीलिङसम्म २१ किलोमिटर लामो रोपवे प्रकल्पलाई मंजुरी दिएको कुरा पनि मुख्यमंत्रीले बताउनुभयो। यसले दार्जीलिङको सड़क जाम समस्या समधान तथा पर्यटन आकर्षण गर्ने दुवै काम गर्ने छ। यस उपरान्त दार्जीलिङको लेबोंग खेल मैदानलाई आधुनिक रूपमा विकसित गरिने कुरा पनि मुख्य मंत्रीले गर्नुभयो। दार्जीलिङको ऐतिहासिक महाकाल मन्दिरको विकासको लागि १६ करोड़ रूपियाँको अनुमोदन गरिएको पनि मुख्यमंत्रीले बताउनुभयो।

पश्चिम बंगाल- गंगासागर मेला

पश्चिम बंगाल सरकारले गंगासागर मेलालाई अन्तर्राष्ट्रिय स्तरमा लैजान एक व्यापक योजना तयार गरेको छ। भक्तहरूको सुविधा, बस्न र सुरक्षामा विशेष ध्यान दिइएको छ। राज्य सचिवालयले भक्तहरूको सम्पूर्ण यात्राको क्रममा एकीकृत सेवा प्रणाली सुरु गरिने जानकारी दिएको छ। कोलकातादेखि गंगासागरसम्मको सम्पूर्ण मार्गमा एआईमा आधारित निगरानी प्रणाली, सीसीटीभी क्यामेरा र केन्द्रीय अनुगमन केन्द्रहरू स्थापना गरिनेछ। सरकारले आधुनिक सूचना केन्द्र, फोटो परिचयपत्र, सहायता केन्द्र, चौबीसै घण्टा सफाई, निर्बाध बिजुली र पिउने पानीको व्यवस्था गर्नेछ। भक्तहरूका लागि लगभग २० लाख आधुनिक टेन्ट स्थापना गर्ने प्रस्ताव गरिएको छ, जहाँ उनीहरूले निःशुल्क बास पाउनेछन्। यसबाहेक, कोलकाताबाट नि: शुल्क बस सेवा, अतिरिक्त फेरी सेवाहरू, विशेष रेलहरू, सफा पिउने पानी र छुट्टै स्नान घाटहरूको व्यवस्था गरिनेछ।

राजदूत सुधाकर दलेला

नेपालका लागि भारतका नवनियुक्त राजदूत सुधाकर दलेला आफ्नो नयाँ कार्यभार सम्हाल्नु भएको छ। यसअघि काठमाडौं विमानस्थलमा उहाँलाई नेपालको विदेश मन्त्रालयका प्रतिनिधि तथा भारतीय दूतावासका अधिकारीहरूले स्वागत गर्नुभयो। सन् १९९३ ब्याचका भारतीय विदेश सेवा (आईएफएस) का अधिकारी दलेलाले यसअघि सन् २०२२ देखि २०२५ सम्म भुटानका

लागि भारतीय राजदूतको जिम्मेवारी सम्हाल्नुभएको थियो। त्यसपछि सन् २०२५ सेप्टेम्बरदेखि भारतको विदेश मन्त्रालयमा आर्थिक सम्बन्ध सचिवका रूपमा कार्यरत रहनुभएको थियो। यसैगरी, उहाँले विदेश मन्त्रालयको उत्तरी विभागमा निर्देशक तथा संयुक्त सचिवका रूपमा रहेर भारत–नेपाल र भारत–भुटान सम्बन्धसम्बन्धी जिम्मेवारी पनि सम्हाल्नुभएको थियो। उहाँले भारतको प्रधानमन्त्री कार्यालयमा समेत सेवा गर्नुभएको छ भने अमेरिकालगायत विभिन्न देशमा कूटनीतिक जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ। दलेलाले नेपालका लागि भारतका निवर्तमान राजदूत नवीन श्रीवास्तवको स्थान लिनुभएको हो।

'कपुर-पर्ब'

लोहागढ चिया कमान अन्तर्गत पर्ने रोमन क्याथोलिक चर्चका धर्मावलम्बीहरूले आफ्ना दिवङ्गत पितृहरूको सम्झनामा श्रद्धापूर्वक 'कपुर-पर्ब' मनाएका छन्। चिया कमान नजिकै रहेको समाधिस्थलमा आयोजित विशेष प्रार्थना सभामा स्थानीय ईसाई समुदायको बाक्लो उपस्थिति रहेको थियो। यस अवसरमा चर्चका फादरद्वारा वेदी सजाएर विधिवत् रूपमा विशेष मिस्सा पूजा र पवित्र शास्त्र पाठ गरिएको थियो। परम्पराअनुसार स्थानीय श्रद्धालुहरूले आ-आफ्ना दिवङ्गत आफन्तजनहरूको समाधिस्थललाई रङरोगन गरी, फूलमाला, धूप र मैनबत्ती बालेर आकर्षक ढङ्गले सजाएका थिए। समारोहमा उपस्थित महिला, पुरुष तथा बालबालिकाहरूले सामूहिक रूपमा भजन गाएर र मौन प्रार्थना गर्दै पितृहरूको आत्माको चिरशान्तिको कामना गरेका थिए।

घुम विन्टर फेस्टिबल

दार्जीलिङ हिमालयन रेलवे (डीएचआर) ले विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक टोय ट्रेनको इतिहास, संस्कृति र गौरवलाई उजागर गर्ने उद्देश्यले ‘डीएचआर घुम विन्टर फेस्टिभल २०२६’ आयोजना गर्ने घोषणा गरेको छ। आगामी २८ नोभेम्बरदेखि ६ दिसम्बरसम्म सञ्चालन हुने उक्त बहुदिवसीय महोत्सवमा स्थानीय परम्परा, आधुनिक प्रविधि, साहित्य तथा चलचित्रलाई समेट्दै विविध कार्यक्रम प्रस्तुत गरिनेछ। युनेस्को विश्व सम्पदा सूचीमा डीएचआर सूचीकृत भएको २७ वर्ष पूरा भएको अवसरमा आयोजना हुन लागेको यस महोत्सवले स्थानीयवासी, पर्यटक, सम्पदा प्रेमी तथा सञ्चारकर्मीहरूलाई हिमालयन रेलवेको ऐतिहासिक विरासत र सांस्कृतिक पक्षसँग जोड्ने लक्ष्य राखेको छ।

देउसी भैलो

खरसाङ महाविद्यालयको हीरक जयन्ती समारोहको अवसर पारेर आजदेखि दुईदिने देउसी–भैलो प्रतियोगिता सुरु भएको छ। सूचना तथा सांस्कृतिक विभाग, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) र खरसाङ महाविद्यालयको संयुक्त आयोजना तथा गोर्खा सांस्कृतिक संस्थान, खरसाङको सहकार्यमा महाविद्यालयको प्रेक्षागृहमा आयोजित उक्त प्रतियोगितामा वरिष्ठ सिनेकर्मी तुलसी घिमिरे, खरसाङका विधायक सोनाम लामा लगायत क्षेत्रका विभिन्न वरिष्ठ व्यक्तित्वहरूको विशेष उपस्थिति रहेको थियो।

चिसो-अनुभूति

नोभेम्बर महिनाको शुरुवातसँगै उत्तर बङ्गालमा चिसोको अनुभव बढ्न थालेको छ। आज बिहान सिलगढ़ी, जलपाईगुडी सहित उत्तर बङ्गालका विभिन्न जिल्लाहरूमा घना कुहिरो लाग्यो। बिहानै भए पनि कुहिरोको प्रभाव कम भएन। कम दृश्यताको कारणले वाहन चालकहरूलाई हेडलाइट बाले हिँड्नुपऱ्यो। यस्तै उत्तर बङ्गालका विभिन्न शहरी एवं ग्रामीण क्षेत्रहरूमा पनि घना कुहिरो देखियो। यसले गर्दा बिहान सड़कमा आवागमन गर्ने मानिसहरूलाई विभिन्न समस्याहरूको सामना गर्नुपऱ्यो।

****** ० ******